जिल्ला समन्वय समिति
जिल्ला समन्वय समितिको कार्यालय
गमगढी मुगु
कर्णाली प्रदेश

मिति २०८२/०९/११

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
नेपाल ।

विषयः नेपाल सरकार (म.प.) को मिति २०८२/०६/०५ को निर्णय कार्यान्वयनको प्रगति विवरण सम्वन्धमा ।

प्रस्तुत विषयमा त्यस सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट जिल्ला समन्वय समिति (सबै) को लागि जारी मिति २०८२/०७/१२ को पत्र संख्या २०८२/०८३ च.नं. १३३ को विवरण को सम्वन्धमा जिल्ला समन्वय समिति मुगुको तर्फबाट लेखिंदै छ ।

मुगु जिल्लाको सन्तुलित र दिगो विकासको लागि जिल्लास्थित संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, गाउँपालिका/नगरपालिका, निजिक्षेत्र तथा गैह्र सरकारी संस्थाको काम कारवाहीको समीक्षा, उक्त निकायहरुको काम कारवाहीमा समन्वय, सहजीकरण तथा ती निकायहरुवाट गरिने विकास निर्माणको कार्यको अनुगमन गर्ने संवैधानिक तथा कानुनी जिम्मेवारी हाम्रो जिल्ला समन्वय समिति मुगुको रहेको छ ।

अर्थ मन्त्रालय मार्फत जारी उक्त नेपाल सरकार (म.प.) को मिति २०८२/०६/०५ को निर्णय कार्यान्वयनका विषयहरु क, ख र ग गरि तीनवटा क्षेत्रका खर्च शिर्षक तथा तिनका उपशिर्षकहरुमा देखाईएकोमा यस जिल्ला समन्वय समिति मुगुको प्रतिकृया निम्न बमोजिम पेश/प्रस्तुत गर्दछौं :

## क. आयोजनाको प्राथमिकीकरण र पुंजीगत खर्च व्यवस्थापन ।

| क. स. | शिर्षक | उप शिर्षक | विषय | जि.स.स. मुगुको प्रगति विवरण / प्रतिकृया |
|---|---|---|---|---|
| क | १ | | विगतमा स्रोत सहमति लिई निर्माणाधीन रहेका आयोजनालाई बजेट कमी हुन नदिई कार्यान्वयनमा निरन्तरता दिने । | यी आयोजनाहरुको जिल्ला गत सूचीका आधारमा यस जिल्लाको सूची छुट्याई आवश्यक समन्वय/समीक्षा गरिने । |
| | २ | | नेपाल सरकारका विभिन्न मन्त्रालय अन्तर्गत पुँजीगत खर्चमा विनियोजित रकम मध्ये मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBS) मा नयाँ प्रविष्टि भएका, पुर्व तयारी नभएका र दोहोरो प्रविष्टि भएका कम महत्वका स-साना आयोजना र कार्यक्रमहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१ बमोजिम रोक्का राख्ने । | कार्यक्रमको उपादेयता तथा प्रतिफलका मापन हुन सक्ने कार्यकमहरु **परियोजना बैंक** मार्फत मात्र गर्न जि.स.स.को जिल्ला स्थित तीन तहका सरकारका कार्यालयहरुसंग कार्यकमको सूची आदान प्रदान तथा समन्वय रहने । |
| | ३ | | विभिन्न मन्त्रालय अन्तर्गत रहेका बजेट शीर्षकमा बजेट विनियोजन भए तापनि उद्देश्यभन्दा बाहिरका र कम महत्वका क्षेत्रमा रहेको बजेट विनियोजनलाई रोक्का राख्ने । | मन्त्रालय स्तरवाट कार्यकमहरु को छनोट गर्दा संतुलित विनियोजन हुनेगरि तथा उपलब्धि मापनका लागि सूचक बनाएर मात्र कार्यकम तयहुने गरेमा उक्त कार्यकमहरु जिल्ला स्तरमा परिणाम/उपलब्धि मापन गर्ने वातावरण बन्ने ।<br><br>जि.स.स.हरुलाई पनि (मन्त्रालयको यस्तो एक्सपर्टिज) वाट सिक्दै आफ्नो जि.स.स.को रणनीति तय गर्न सहयोग पुग्ने ।<br><br>जिल्लामा संचालन हुने तीन तहका सरकारको वार्षिक कार्यकमहरुको सूचीको आधारमा आवश्यक समन्वय/समीक्षा गरिने । |

धनराज कार्की
नि.जिल्ला समन्वय अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | ४ | | भैपरी वा अन्य शीर्षकमा एकमुष्ट बजेट राखी आयोजनाहरू पहिचान नभएको हुँदा उपयोगिता नदेखिएको बजेट रोक्का राख्ने । | मध्यकालिन खर्च संरचना को अवधारणा अनुरुप बर्षभरि अकस्मात भैपरी आउन सक्ने खर्चको लागि प्रक्षेपण/सूची बजेट माग गर्दा प्रस्तुत गरिने । |
| | ५ | | प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने प्रकृतिका स-साना खुद्रे र टुक्रे आयोजना समेतमा विभिन्न मन्त्रालयमा भएको विनियोजनलाई रोक्का राख्ने । | यस्ता कार्यकमहरुको जिल्लागत समीक्षाको लागि निकायहरु संग समन्वय गरि सूची तयार गरिने । |
| | ६ | | माथि रोक्का प्रस्ताव गरिएका बजेट उपशीर्षकमा रहेका क्रियाकलापहरूमा अघिल्लो आर्थिक वर्षमा दायित्व सिर्जना भएको तर भुक्तानी दिन बाँकी रहेको भए फरफारक गर्ने हदसम्म सम्बन्धित मन्त्रालयको माग बमोजिम रोक्का फुकुवा गर्ने । | यस्ता कार्यकमहरुको जिल्लागत समीक्षाको लागि निकायहरु संग समन्वय गरि सूची तयार गरिने । |
| | ७ | | राष्ट्रिय प्राथमिकताका स्रोत सहमति दिइएका तथा क्रमागत आयोजनामा दायित्व सिर्जना भएको वा चालु आर्थिक वर्षमा दायित्व सिर्जना हुने तर न्यून विनियोजन भएको भए रोक्का रहेको उपशीर्षकबाट रकमान्तर गरी खर्च व्यवस्थापन गर्ने । | यस्ता कार्यकमहरुको जिल्लागत समीक्षाको लागि निकायहरु संग समन्वय गरि सूची तयार गरिने । |
| | ८ | | विगतमा प्रचलित कानून बमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन पर्याप्त रकम विनियोजन नभएको कारण बजेट अपुग भएको भए रोक्का गरिएको रकमबाट रकमान्तर, स्रोतान्तर तथा कार्यक्रम संशोधन गरी खर्च व्यवस्थापन गर्ने । | यस्ता कार्यकमहरुको जिल्लागत समीक्षाको लागि निकायहरु संग समन्वय गरि सूची तयार गरिने । |
| | ९ | | रोक्का रहेका आयोजनाहरूमध्ये २०८२ असोज २ गतेसम्म खरिद सम्झौता भई दायित्व सिर्जना भइसकेको वा खरिद प्रक्रिया अन्तिम चरणमा रहेको भए सोको पुष्ट्याँई सहित फुकुवाको लागि सम्बन्धित मन्त्रालयबाट लेखी आएपछि अर्थ मन्त्रालयले फुकुवा गर्ने । | |
| | १० | | शिक्षा, स्वास्थ्य र खानेपानी जस्ता आधारभूत आवश्यकताका सामाजिक क्षेत्रमा यस आर्थिक वर्षको बजेटले लिएको सामाजिक क्षेत्रको लक्ष्य पूरा गर्न बाधा पर्न जाने देखिएमा अर्थ मन्त्रालयको सहमति लिई आयोजना तथा कार्यक्रमको खरिद प्रक्रिया अगाडि बढाउने । | जिल्लागत कार्यकमहरुको सूची मार्फत समीक्षाको लागि निकायहरु संग समन्वय गरि सूची तयार गरिने । |
| | ११ | | सरकारी संरचनाको पुनर्निर्माणको लागि पुनर्निर्माण कोष कार्यविधि बमोजिम सिफारिश भएका आयोजनालाई मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्टि गरी खर्च व्यबस्थापन गर्ने । | |
| | १२ | | चालु आर्थिक वर्षमा नयाँ प्रविष्टि गरेका आयोजना वा अन्य कुनै खरिद प्रयोजनका लागि बहुवर्षीय स्रोत सहमति नदिने । | |
| | १३ | | सरकारी संरचना पुनर्निर्माण गर्दा सेवाग्राहीमैत्री, खुला र छरितो संरचना बनाउने । कार्यालयको कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी संरचनालाई विश्लेषण गरी भौतिक संरचना र ले(आउट व्यवस्थापन गर्ने । | **संरचना पुनर्निर्माण गर्दा** — **कैफिएत**<br>सेवाग्राहीमैत्री — भए/नभएको समीक्षा गरिने ।<br>खुला र छरितो — भए/नभएको समीक्षा गरिने ।<br>कार्य प्रकृति अनुसार — भए/नभएको समीक्षा गरिने । |

जिल्ला समन्वय अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | १४ | | नेपाल सरकारबाट सञ्चालन हुने, नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भएका प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने रू. १० लाखभन्दा बढीका आयोजनाहरू उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने र नगराउने । आयोजना टुक्र्याएर उपभोक्ता समितिबाट काम गराउन नपाइने । | सम्वन्धित निकायहरुसंग समन्वय/सम्पर्क गरि जिल्लागत सूची वनाइने । |
| | १५ | | निर्माण कार्यमा कन्टिन्जेन्सी रकमको सीमा घटाई रू. १ अर्बसम्म लागत अनुमान भएका आयोजनामा ३ प्रतिशतसम्म र सोभन्दा बढीका निर्माण आयोजनामा २ प्रतिशतसम्म हुने गरी कार्यान्वयन गर्ने । | सम्वन्धित निकायहरुसंग समन्वय/सम्पर्क गरि जिल्लागत सूची वनाइने । |

## ख. चालु खर्च व्यवस्थापन ।

<table>
<tr><th>क.स.</th><th>शिर्षक</th><th>उप शिर्षक</th><th>बिषय</th><th>जि.स.स. मुगुको प्रगति बिबरण / प्रतिकृया</th></tr>
<tr><td>क</td><td>१</td><td></td><td>चालु आर्थिक वर्ष २०८२ / ८३ मा मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भएका चालु तर्फका नयाँ क्रियाकलाप र कार्यक्रमको कार्यक्रम सञ्चालन मोडालिटी स्पष्ट नभएको, कार्यक्रमको प्रतिफल सुनिश्चित नभएको वा अनुत्पादक क्रियाकलाप र कार्यक्रममा विनियोजित रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१ बमोजिम रोक्का राख्ने ।</td><td>जिल्लामा संचालन भइरहेका आयोजना/कार्यकमहरुको सूची बनाई कार्यक्रम सञ्चालन मोडालिटी स्पट भएको/नभएको समीक्षा गरिने ।
<table>
<tr><th>क.सं</th><th>कार्यकमको नाम</th><th>संचालन गर्ने निकाय</th><th>सञ्चालन मोडालिटी स्पष्ट भए/नभएको</th></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>
</td></tr>
</table>

## ग. खर्च मितब्यायिता तथा श्रोत परिचालनका क्षेत्रहरु ।

| क.स. | शिर्षक | उप शिर्षक | बिषय | जि.स.स. मुगुको प्रगति बिबरण / प्रतिकृया |
|---|---|---|---|---|
| ग | १ | क | **भत्ता सम्बन्धमा :** सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीलाई नियमित कामका लागि बैठक भत्ता उपलब्ध नगराउने। तर कानून बमोजिम गठन भएको समितिको काममा कार्यालय समय बाहेकको बैठकको भत्ता उपलब्ध गराउन सकिने । | उपलब्धिहरु मापनमा ध्यान दिईने । |
| | | ख | सरकारी, आफ्नो वा आफ्नो परिवारको स्वमित्वमा रहेको निजी आवास प्रयोग गर्ने पदाधिकारीले आवास सुविधा बापतको रकम लिन नपाउने । | मितव्ययितामा ध्यान दिईने । |
| | २ | क | **परामर्श सेवा सम्बन्धमा :** | उपलब्धिहरु मापनमा ध्यान दिईने । |

धनराज कार्की
नि. जिल्ला समन्वय अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | | विद्यमान जनशक्तिबाट सम्पादन हुने क्रमको लागि विनियोजित बजेटको उपयोग गरी बाह्यसेवा परामर्शबाट काम गर्न र गराउन नपाउने । | |
| | | ख | विधेयक, नियम, विनियम, कार्यविधि, दिग्दर्शन, मापदण्ड र निर्देशिका बनाउने जस्ता क्रमका लागि सेवा परामर्श नलिने । | मितव्ययितामा ध्यान दिईने । |
| | | ग | विद्यमान जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्था हो भनी सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराएर मात्र पुँजीगत अनुसन्धान तथा परामर्शका लागि खर्च गर्न सकिने । | ध्यान दिईने । |
| | ३ | क | <u>पानी, बिजुली र सञ्चार महसुल लगाएतका सेवा खर्चमा मितव्ययिता कायम गर्ने :</u><br><br>पानी, बिजुली र सञ्चार महसुल बापत विनियोजित बजेटबाट खर्च धान्ने गरी मितव्ययी ढंगले खर्च गर्ने । कार्यालयमा आवश्यक नपरेको समयमा बत्ती, एअरकन्डिसन, पंखा जस्ता बिजुली खपत हुने यन्त्र उपकरण चलेको छ कि भनी सम्बन्धित कर्मचारी स्वयंले नियमित चेक गर्ने । | मितव्ययितामा ध्यान दिईने । |
| | | ख | सरकारी कार्यालयको लागि न्यूनतम आवश्यकताभन्दा बढी कोठा र सुविधा भएको घर बहालमा नलिने । सरकारी कार्यालयहरूले सकेसम्म व्यापारिक क्षेत्र बहालमा नलिने । | मितव्ययितामा ध्यान दिईने । |
| | | ग | विदेश स्थित कुटनैतिक नियोगहरूमा कार्यरत कर्मचारीहरूको निवासको लागि घरभाडामा लिनु पर्दा वा अब आइन्दा घरभाडा नवीकरण गर्नुपर्दा व्यापारिक क्षेत्र र शहरका प्रमुख मार्गहरूमा नलिने । | |
| | ४ | क | <u>पुराना संरचना तथा सामान प्रयोग गर्न प्रोत्साहित गर्ने र अनुपयोगी सामान लिलाम गर्ने :</u><br><br>संघ, प्रदेश र स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूमा सवारी साधन, मोबाइल फोन, फर्निचर, ल्यापटप, डेस्कटप कम्प्युटर, मोटरसाईकल जस्ता सामान उपयोगमा पुरानो सामान प्रयोग गर्ने । | भौतिक सम्पत्ति सदुपयोगमा ध्यान दिईने । |
| | | ख | जेनजी आन्दोलनका क्रममा सिर्जना भएको असामान्य परिस्थितिबाट क्षति भएका कार्यालयहरूलाई आवश्यक पर्ने भवन, टेबल, कुर्सी, दराज, सोफा लगायतका कार्यालय सामान, मेशिन उपकरण, फर्निचर जस्ता सामग्री नजिकको कार्यालयमा भएकोबाट हस्तान्तरण गराई उपयोग गर्ने । यसरी हस्तान्तरण भएको सामानको हस्तान्तरण कार्यालय प्रमुख तहको निर्णयबाट नै हुने । | नोट गरियो । |
| | | ग | | |

धनराज कार्की
नि. जिल्ला समन्वय अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | | सरकारी भौतिक संरचनाको बीमा गर्ने कार्य सुरुवात गर्ने । | नोट गरियो । |
| | ५ | क | <u>संगठन संरचना सुधार :</u><br><br>अत्यावश्यक अवस्थामा प्राविधिक जनशक्ति बाहेक थप दरबन्दी सिर्जना नगर्ने । विशेषज्ञ सेवामा दीर्घकालीन दायित्व सिर्जना नहुने गरी स्थायी दरबन्दीको सट्टा सेवा परामर्श लिने । | नोट गरियो । |
| | | ख | अर्थ, गृह र परराष्ट्र मन्त्रालय लगायत पछिल्लो समय संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भई थप संरचना तथा दरबन्दी सिर्जना भएका मन्त्रालयहरूले संक्षिप्त संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी चुस्त, छरितो र मितव्ययी बनाउन अनावश्यक संरचना र दरबन्दी शीघ्र घटाउने । | |
| | | ग | संघ, प्रदेश र स्थानीय तहमा कार्य जिम्मेवारीमा दोहोरोपन र तेहोरोपन हुने गरी नयाँ संरचना सिर्जना नगर्ने र हाल दोहोरो परेका संरचना खारेज गर्ने । | नोट गरियो । |
| | | घ | भूमि समस्या समाधान आयोग खारेजी गर्ने व्यवस्था मिलाउने । | |
| | | ङ | सुरक्षा संवेदनशीलता, कार्यसम्पादन प्रभावकारिता, सुरक्षा निकायबीच समन्वय, विगतको अभ्यास र इन्टिलिजेन्स एक्सीलेन्सका लागि राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालय मातहत राख्ने व्यवस्था मिलाउने । | |
| | | च | राजस्व चुहावटको प्रभावकारी नियन्त्रण तथा मुलुकलाई सम्पत्ति शुद्धीकरणको Increased Monitoring List बाट बाहिर निकाल्न अन्तर्राष्ट्रिय अभ्यास, कार्यप्रकृति, कार्यसम्पादन प्रभावकारिताका दृष्टिकोणले राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई अर्थ मन्त्रालय मातहतमा ल्याई पुनर्संरचना गर्ने व्यवस्था मिलाउने । | |
| | | छ | Contracting Out / Outsourcing बाट हुने कामलाई स्थायी संरचना सिर्जना नगर्ने । | नोट गरियो । |
| | | ज | नेपाल सरकार, प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरबन्दी बाहेकमा अस्थाई तथा करारमा कर्मचारी राख्न नपाउने । | नोट गरियो । |
| | | झ | राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष बाहेक नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका पदाधिकारीको लागि सल्लाहकार नियुक्ति नगर्ने । | नोट गरियो । |

धनराज कार्की
नि. जिल्ला समन्वय अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | ञ | राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्री बाहेक सांसद लगाएत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गर्ने । | उल्लेखित प्रावधान (स्वकीय सचिव को विषय) निम्न कारणले जि.स.स.को हकमा लागु नहुने :<br><br>१) जिल्ला समन्वय समितिहरुमा स्वकीय सचिवको पद नरहेको ।<br><br>२) ७७ वटै जिल्ला समन्वय समितिहरुमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट स्विकृत संगठन संरचनामा निजि सचिवालय रहेको तथा उक्त सचिवालयमा मन्त्रालयबाट स्विकृत दरबन्दी तेरिज अनुसारको रा.प.अनं.प्रथम तहको करार कर्मचारी मात्र रहेको ।<br><br>३) ७७ वटै जिल्ला समन्वय समितिहरुमा रहने निजि सचिवालयको रा.प.अनं.प्रथम तहको करार कर्मचारी को दरबन्दि जिल्ला समन्वय समितिहरुले आफैले सृजना नगरेको । |
| | ५ | ट | नेपाल सरकार र प्रदेश सरकारका मन्त्री र प्रदेश प्रमुखको स्वकीय सचिवालयमा बढीमा तीन जना मात्र नियुक्ति गर्न सक्ने । | जि.स.स.मा लागु नहुने । |
| | ६ | | **चालु खर्च घटाउने :** | |
| | | क | अत्यावश्यक बाहेकका तालिम, गोष्ठी तथा सेमिनार सञ्चालन नगर्ने, सञ्चालन गर्ने पर्ने अवस्थामा सरकारी हलहरूमा र सम्भव भएसम्म अनलाइन तालिम गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गर्ने। | नोट गरियो । |
| | | ख | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, संस्थान, प्रतिष्ठान र नियामक निकायको खर्चमा अत्यावश्यक अवस्थामा बाहेक विदेश भ्रमणमा रोक लगाउने । नेपाल सरकारको प्रतिनिधित्व सम्बन्धित नियोगबाट हुनसक्ने अवस्था भएमा सम्बन्धित नियोगलाई नै अख्तियारी दिने । | नोट गरियो । |
| | | ग | सरकारको प्रतिनिधित्व अनिवार्य भएको अन्तर्राष्ट्रिय सभा सम्मेलनमा राष्ट्र प्रमुख वा सरकार प्रमुखको नेतृत्वमा हुने प्रतिनिधिमण्डल बढीमा १० जना र नेपाल सरकारको स्रोतमा हुने अन्य प्रतिनिधिमण्डलमा बढीमा ३ जना मात्र सदस्य रहने । | नोट गरियो । |
| | ७ | क | **सरकारी लगानी व्यवस्थापन :**<br><br>प्रतिफलयुक्त आयोजना, वैदेशिक सहायताबाट सञ्चालित आयोजना र नागरिक प्रतिको दायित्व वहन गर्नुपर्ने विषयका आयोजनाका लागि मात्र सार्वजनिक संस्थानमा शेयर तथा ऋण लगानी गर्ने, आर्थिक अवस्था कमजोर भएका तथा सावाँ र ब्याज तथा प्रतिफल दिन नसक्ने सार्वजनिक संस्थानमा नेपाल | नोट गरियो । आवश्यक समीक्षा गरिने । |

| | | | | |
|---|---|---|---|---|
| | | | सरकारले थप लगानी नगर्ने । यस्तो रोक्का अवधि भर नेपाल सरकारका लगानी भएका संस्थाहरूले हकप्रद तथा थप सार्वजनिक निश्कासन (एफ.पि.ओ.) शेयर जारी गर्न रोक्का गर्ने । | |
| | | ख | नेपाल सरकारले सार्वजनिक संस्थानबाट प्राप्त गर्नुपर्ने भाखा नाघेको साँवा तथा ब्याज असुल उपर गर्न सम्बन्धित मन्त्रालय जवाफदेही हुने । | जिल्लागत सूची संकलन गरिने । |
| | ८ | क | **सवारी साधनको उपयोग :**<br>सवारी सुविधा सम्बन्धी सम्बन्धित कानूनमा संख्या किटान भएकोमा बाहेक सवारी सुविधा पाउने राजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई एक भन्दा बढी सवारी साधन उपलब्ध नगराउने र प्रयोग नगर्ने । | नोट गरियो । |
| | | ख | सवारी साधन क्षति भएका मन्त्रालय एवं केन्द्रीय निकाय तथा कार्यालयले आफ्नो मातहतका विभाग, निकाय वा कार्यालय हरुमा भएका सवारी साधनबाटै व्यवस्थापन गर्ने । | **जेनजी आन्दोलनमा विभिन्न जिल्ला समन्वय समितिका सवारी साधनमा क्षति भएको ।**<br><br>जिल्ला समम्वय समिति मातहतका निकाय बाट जेनजी आन्दोलन पश्चात सवारी साधनमा भएको क्षतिको लागी व्यवस्था हुन सक्ने परिस्थिति नरहेको ।<br><br>जिल्लाका निकाय, पालिका, कार्यालयसंग समन्वय, समीक्षा, अनुगमन गर्ने जस्तो सुशासनको लागि महत्वपुर्ण जिम्मेवारी रहेकोले जि.स.स.हरुमा क्षति भएका सवारी साधनको लागि यथाशिघ्र सवारी साधनको व्यवस्था गरिदिनु हुन अनुरोध छ । |
| | | ग | राजनीतिक तथा प्रशासनिक पदाधिकारीको सुविधाका लागि नयाँ सवारी साधन खरिद नगरी उपलब्ध सवारी साधनबाटै व्यवस्थापन गर्ने । | नोट गरियो । |
| | | घ | सवारी सुविधा पाउने पदाधिकारी तथा कर्मचारीलाई सवारी सुविधा व्यवस्थापन सम्बन्धी छुट्टै मापदण्ड अर्थ मन्त्रालयले ४५ दिनभित्र तयार गरी सोही बमोजिम व्यवस्थापन गर्ने । | नोट गरियो । |
| | | ङ | समयमा निर्वाचन सम्पन्न गर्न तथा शान्ति सुरक्षा प्रयोजनको लागि उपलब्ध सवारी साधनबाट अपुग भएमा खरिद गर्न सकिने । | नोट गरियो । |
| | | च | सरकारी सवारी साधनको पूर्ण (कम्प्रिहेन्सिभ) निजीवन बीमा गर्ने । | नोट गरियो । |
| | ९ | क | **अन्य खर्च कटौती :**<br>नेपाल सरकार र प्रदेश सरकारका मन्त्रीहरू लगायत राजनीतिक पदाधिकारीका स्वकीय सचिवालयका लागि मन्त्रालयमा कार्यकक्ष नराख्ने । यस्ता स्वकीय सचिवालयका कर्मचारीका लागि सवारी साधन, बैदेशिक भ्रमण र अन्य भौतिक सुविधा उपलब्ध गराउन नपाइने। | नोट गरियो । |

| | | | | |
|---|---|---|---|---|
| | | ख | प्रेस समन्वयका लागि अतिरिक्त नियुक्ति नगरी सम्बन्धित निकायकै प्रवक्ता तथा सूचना अधिकारीबाट कार्यसम्पादन गर्ने व्यवस्था मिलाउने । | नोट गरियो । |
| | | ग | विभिन्न मुलुकका लागि खटिने नेपाल सरकारको प्रतिनिधि राजदूतको नियमानुसार बाहेक तह तोकी दिइने गरिएका थप सुविधा खारेज गर्ने । | |
| | | घ | सार्वजनिक संस्थानमा रिक्त रहेका कार्यकारी प्रमुखको पदमा तत्कालका लागि नेपाल सरकारको स्थायी सेवामा रहेका कर्मचारीलाई काजमा खटाउने । | |
| | | ङ | महँगा इलेक्ट्रोनिक्स र विलासी सामग्रीहरू खरिद नगर्ने । | नोट गरियो । |
| | | च | ग्याँस, साइकल, स्वास्थ्य बीमा शुल्क, बिद्युत महशुल भुक्तानी, हयाण्डपम्प, साडी वितरण जस्ता वितरणमुखी कार्यक्रम सञ्चालन गर्न नपाइने । | नोट गरियो । |
| | १० | क | **बक्यौता असुली :**<br>नेपाल सरकार अन्तर्गतका निकायले प्राप्त गर्नुपर्ने कर राजस्व वा गैरकर राजस्व असुलीलाई प्रभावकारी बनाउने सम्बन्धित मन्त्रालय जवाफदेही हुने । | सूची अनुसार समन्वय गरिने । |
| | | ख | अन्तिम लेखा परीक्षणबाट असुल उपर गर्ने भनी तोकिएको बेरुजु तुरुन्त असुल उपर गर्ने । | सूची तयार गरि आवश्यक कार्य अगाडी बढाईएको । |
| | ११ | | प्रचलित कानूनमा व्यवस्था भएको तर नियामक निकायहरूबाट नेपाल सरकारको कोषमा दाखिला हुन बाँकी मौज्दात रकम २०८२ असोज मसान्तभित्र नियमानुसार दाखिला गर्ने र गराउने । | नोट गरियो । |
| | १२ | | उल्लिखित निर्णय कार्यान्वयनको अनुगमन सम्बन्धित निकायका प्रमुखले नियमित रूपमा गर्ने गराउने । | निर्णय कार्यान्वयनको अनुगमन कमिकरुपमा गरिने । |

२०८२/६/११

धनराज कार्की
**नि.जिल्ला समन्वय अधिकारी**

धनराज कार्की
नि.जिल्ला समन्वय अधिकारी

बोधार्थः श्री जिल्ला समन्वय समिति महासंघ नेपाल ।